आज मिति २०७८।०१।३० गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटीको अध्यक्षतामा जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रको बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ., जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ.,जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी. .स.प्र.ना.उ,स.प्र.बल नं ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी, प्र.प्र.अ. रा.अ.जि.का. | - सदस्य |
| श्री दिपेन्द्र बराल, सह-सेनानी, सु.से.मु. गमगमढी | - सदस्य |
| श्री शोभा चौलागाई, नि.जि.स.अ. | - सदस्य |
| श्री ज्ञानसिंह बुढा, नि.स्वा.से.व्य., स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

**सल्लाहकार**

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

**अन्य उपस्थिति**

श्री धर्म बहादुर शाही, अध्यक्ष, के.क.पा. ऐमाले
श्री गजेन्द्र बहादुर मल्ल, प्रतिनिधि, नेपाली कांग्रेस
श्री विर्ख बहादुर थापा (मानव प्रकाश), प्रतिनिधि, ने.क.पा. माओवादी केन्द्र
श्री डा.कविर राज पौडेल, स्वा.से.का
श्री जय बहादुर मल्ल, सभापती, नेपाल रेडक्रस सोसाइटी
श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ,
श्री डा. अर्जुन भाम, स्वास्थ्य सेवा कार्यालय
श्री भरत बहादुर बुढथापा, का.प्र. जिल्ला वन कार्यालय
श्री दिप बहादुर रावल, खो.सु. स्वास्थ्य सेवा कार्यालय
श्री अविनास उपाध्याय, स्वास्थ्य सेवा कार्यालय

राजेन्द्र बे. शाही

**निर्णयहरु**

१. यस अघि मिति २०७८/१/२१ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले गरेका निर्णयहरु कार्यान्वयन सन्दर्भमा समिक्षा गरियो ।

२. कोभिड-१९ को संक्रमणको बढोत्तरी कायमै रहेकाले यसको रोकथाम तथा नियन्त्रण गर्नको लागि प्रमुख जिल्ला अधिकारी द्वारा २०७८।१।२२ गते राति १२ बजे देखि २०७८।१।३१ गते राती १२ बजेसम्म लागु गरिएको निषेधाज्ञा लाई एक हप्ता थप गरी कार्यान्वयन गर्ने ।

३. नयाँ भेरियन्ट सहितको कोभिड-१९ रोगको जोखिम र फैलावट दिन प्रतिदिन वढ्दै गैरहेको कारण छिमेकी जिल्ला डोल्पाको DCCMC र जिल्ला सुरक्षा समितिबाट शेफोक्सुन्डो राष्ट्रिय निकुञ्ज र सो जिल्लामा यार्सा संकलनलाई रोक लगाइएकोले अवैध रुपमा हुने संकलन एवं चोरी निकासी नियन्त्रणका लागि सहयोग गरि दिन लेखि आएको र यार्सा संकलनका लागि हजारौ मानिसको जमघट/ उपस्थिति हुने हुँदा द्रुतगतिमा फैलिरहेको कोभिड-१९ को संकमणको जोखिम झनै बढ्ने, उच्च हिमाली क्षेत्रमा अक्सिजनको कमीका कारण श्वासप्रश्वासमा समस्या आउने र शान्ति सुरक्षाका लागि जनशक्ति परिचालनमा समेत प्रभाव पर्ने देखिएकाले सो प्रभावलाई न्यूनिकरण गर्न यस जिल्ला भित्र समेत यार्सा संकलन लाई रोक्ने र अवैध यार्सा संकलन एवं चोरी निकासी नियन्त्रण गर्ने कार्यलाई सम्वन्धीत स्थानीय तह, डिभिजन वन कार्यालय, सुरक्षा निकाय एवं अन्य सरोकारवाला निकायहरुले आवश्यक कार्यान्वयन गर्ने/ गराउने ।

४. नयाँ भेरियन्ट सहितको कोभिड १९ को जोखिमको दर बढ्दै गइरहेकाले चारवटै स्थानीय तहले तपशिल बमोजिमको व्यवस्था अनिवार्य गर्ने गराउने ।

   क. स्वदेश तथा विदेशबाट आउने नागरिकहरुलाई अनिवार्य रुपमा एकान्तवास मा बस्न लगाउने ।

   ख. स्थानीय तहहरुले आफ्ना नागरिकहरुको स्वास्थ्य जाँच गराउन एन्टिजिन र पि.सि.आर परिक्षणको दरलाई बढाउने ।

   ग. प्रत्येक स्थानीय तहहरुले स्वाथ्यकर्मीको व्यवस्था सहित कोभिड उपचारका लागि आवश्यक औषधी, अक्सिजन सिलिन्डर, आइसोलेसनको व्यवस्था, एम्बुलेन्सको सुविधा लगायतका विषयहरुलाई उच्च प्राथमिकतामा राखि आवश्यक व्यवस्थापन गर्ने ।

५. पछिल्लो समय जिल्लामा विद्युत र टेलिफोन सेवा लगातार अवरुद्ध भईरहँदा आम नागरिकको दैनिकि एवं अत्यावश्यक काममा समेत प्रत्यक्ष प्रभाव पर्न गएकोले यसको नियमित सञ्चालनको लागि सम्वन्धित निकायलाई जानकारी गराउने ।

६. कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रण कार्यका लागि स्वास्थ्य सेवा कार्यालय मुगुमा कोभिड ल्याव स्थापना गर्नका लागि निम्न सामाग्रीहरु आवश्यक हुने भएकाले सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतलाई सिफासि गरि दिन लेखि आएकाले सिफारिस गरी पठाउर्ने ।

**निम्न**

- Microscopy CH 23 - 1
- Analyzer ( Robhik) - 1
- Hematology cular count - 1
- color meter - 1
- Centrifuze - 1
- Water Bath - 1

- Injection  Remdesevir 100 ml -1
- Low molecular Weight  Heparin 60 μg - 6

७. कोभिड-१९ को संक्रमणका कारण अत्याधिक अक्सिजनको माग लाई मध्यनजर राखि स्वास्थ्य सेवा कार्यालय मुगुले अक्सिजन प्लान्ट जडान गरि रहेको र उक्त अक्सिजन कोभिड वार्डसम्म लैजान पाइप लाइनको आवश्यकता पर्ने देखि बजेटको व्यवस्था भए पनि तत्काल ऐन नियम बमोजिम खरिद प्रक्रियामा जाँदा ढिलो हुने भएकाले उक्त पाइप लाईन निर्माणका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली २०६४ को परिच्छेद १५ नियम १४५ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुरुप उक्त अक्सिजन पाईप लाइन जडान गर्ने गरि अस्पताल व्यवस्थापनले कार्य अगाडी बढाउने ।

८. कोभिड-१९ सम्बन्धी दैनिक विवरण अध्यावधिक तथा सूचना प्रणालीलाई व्यवस्थित गर्नका लागि जिल्ला प्रशासन कार्यालय मुगुको तर्फबाट सहायक प्रमुख जिल्ला अधिकारी श्री गणेशप्रसाद कोइराला तथा स्वास्थ्य सेवा कार्यालयको तर्फबाट खोप सुपरभाईजर (अ.छैठौं) श्री दिप बहादुर रावललाई तोक्ने ।